# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा आर्थिक वर्ष २०७४।७५ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले असार २५ गते आयोजित एक कार्यक्रममा आर्थिक वर्ष २०७४।७५ को मौद्रिक नीति सार्वजनिक गर्नुभयो ।




गभर्नर डा. नेपालले सार्वजनिक गर्नु भएको सो मौद्रिक नीति अन्तर्राष्ट्रिय आर्थिक अवस्था, देशको वर्तमान आर्थिक तथा मौद्रिक स्थिति, तरलता व्यवस्थापन आदिका परिदृष्यहरुलाई दृष्टिगत गरी तर्जुमा गरिएको छ । आर्थिक वृद्धि, वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण, लघुवित्त तथा वित्तीय ग्राहक संरक्षण, विदेशी विनिमय व्यवस्थापन लगायतका क्षेत्रलाई पनि मौद्रिक नीतिले सम्बोधन गरेको छ । मौद्रिक नीतिको कार्यान्वयनबाट समग्र आर्थिक स्थायित्व तथा आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ ।

उक्त मौद्रिक नीति सार्वजनिक कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, सञ्चालकहरु प्रा डा. श्रीराम पौडेल र श्री रामजी रेग्मी लगायत नेपाल राष्ट्र बैंकका विभिन्न तहका अधिकृतहरुका साथै सरोकारवाला निकायहरुबाट उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले गर्नु भएको थियो ।

गभर्नर डा. नेपालले सार्वजनिक गर्नु भएको सो मौद्रिक नीतिको सारांश तथा पूर्ण पाठ www.nrb.org.np मा राखिएको छ ।

**२०७४ असार २५, आइतबार** **गभर्नरको कार्यालय**